श्री सचिव,

आर्थिक मामिला तथा योजना मन्त्रालय।

"प्रदेश सरकार, प्रदेश नं. ५, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मीतव्ययीता सम्बन्धी निर्देशिका, २०७५" को दोस्रो संशोधन स्वीकृती गर्ने विषयको आर्थिक मामिला तथा योजना मन्त्रालयको नं. ३/५-२०७७ मिति २०७७।०३।१५को प्रस्ताव प्र.मं.प.बै.सं. ९/२०७७, मिति २०७७।०३।१६ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा त्यसमा प्रदेश सरकार (मन्त्रिपरिषद्) ले देहायबमोजिम निर्णय गरेकाले सो अनुसार कार्यान्वयन हुन प्रदेश नं. ५, प्रदेश सरकार (कार्य सम्पादन) नियमावली, २०७४ को नियम ३५ को उपनियम (२) बमोजिम अनुरोध गरेको छु-

प्रदेश सरकारको निर्णय-

"प्रस्तावमा लेखिएबमोजिम गर्ने।"

२०७७।०३।१६

(तोयनारायण ज्ञवाली)

प्रमुख सचिव

प्रमुख सचिव

प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
प्रदेश नं. ५
बुटवल, नेपाल

**सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्वन्धी निर्देशिका, २०७५ को दोस्रो संशोधन**

**प्रस्तावनाः** सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्वन्धी निर्देशिका, २०७५ लाई तत्काल समसामयिक संशोधन गर्न वाञ्छनीय भएकोले,

प्रदेश नं. ५, प्रदेश सरकारले यो निर्देशिका बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो निर्देशिकाको नाम "सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्वन्धी (दोस्रो संशोधन) निर्देशिका, २०७७ रहेको छ।

(२) यो निर्देशिका प्रदेश सरकार (मन्त्रिपरिषद्)ले पारित गरेको मितिदेखि लागू हुनेछ।

२. **सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्वन्धी निर्देशिका, २०७५ को परिच्छेद-२ को खर्चको मापदण्डको दफा ३ मा संशोधनः** सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्वन्धी निर्देशिका, २०७५ को परिच्छेद-२ को खर्चको मापदण्डको दफा ३ को खण्ड (घ) मा "प्रदेश सभाका सभामुख" भन्ने शब्द पछि रहेको "र" को सट्टा "," राखि "मन्त्रीहरु" भन्ने शब्दको पछि "र प्रदेश सभाका उपसभामुखको" भन्ने शब्दहरु थप गरिएको छ ।

सचिव